# सुन्दरहरैंचा नगरपालिका

SUNDARHARAINCHA MUNICIPALITY

## नगर कार्यपालिकाको कार्यालय

**Office of the Municipal Executive**

विराटचौक, मोरङ

**Biratchowk, Morang**

कोशी प्रदेश, नेपाल

**Koshi Province, Nepal**

F/Y प.सं. २०८२/०८३

**सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना।**

प्रथम पटक प्रकाशन मितिः२०८२।०९।२१ गते (ने.सं.११४६)

सुन्दरहरैंचा नगरपालिकामा नेपाल सरकारको **'एक पालिका एक भेटेरीनरी डाक्टर कार्यक्रम'** र **'म स्वस्थ, मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम'** अन्तर्गत तपसिल बमोजिमको पद/तह र संख्यामा खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा कर्मचारी पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले तोकिएका कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन (दरखास्त दिने अन्तिम दिन २०८२/१०/०५ गते सार्वजनिक बिदा परेमा बिदा पश्चात कार्यालय खुलेको पहिलो दिन) भित्र कार्यालय समयमा तोकिएको दरखास्त फारम भरी यस नगरपालिकाको कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| सि.नं | विज्ञापन नं | पद | सेवा | श्रेणी/तह | संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | काम गर्नुपर्ने स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | ५-०८२/०८३ | पशु चिकित्सक | सेवा करार | रा.प. तृतीय | १ | मान्यता प्राप्त विश्व विद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा स्नातक तह उतीर्ण गरेको र नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएको। | सुन्दरहरैंचा नगरपालिका अन्तर्गत |
| २ | ६-०८२/०८३ | जनस्वास्थ्य अधिकृत | सेवा करार | अधिकृतस्तर सातौ | १ | मान्यता प्राप्त संस्थाबाट जनस्वास्थ्य बिषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको र सम्बन्धित परिषदमा दर्ता भएको | |

**२. संलग्न गर्नु पर्ने कागजातहरु :**

क) दरखास्त फारम(तीन प्रति फोटो) **(ख)** नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि **(ग)** शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु(समकक्षता आवश्यक पर्नेमा सो समेत) **(घ)** तालिम तथा कार्यानुभवको कागजातको प्रतिलिपि **(ङ)** प्रचलित कानुनले अयोग्य नठहरिएको स्वघोषणाको निवेदन। **(च)** राजश्व बुझाएको रसिद। (छ) परिषद/काउन्सिल दर्ताको प्रमाणपत्रको प्रतिलिपि (पेश भएका सबै कागजात स्वयंमले प्रमाणित गरेको हुनु पर्नेछ) **(ज)** स्थानीय तह भित्रको भए स्थायी बसोवास प्रमाणित हुने कागजात(नागरिकता/बसाइसराइ)

**३. उमेर हदः** २१ वर्ष पुरा भई ३५ बर्ष नमाघेको र महिलाको हकमा ४० बर्ष ननाघेको।

**४. दरखास्त फारम /पाठ्यक्रम** : यस नगरपालिकाको वेभसाईट www.sundarharaichamun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ।

**५. दरखास्त दस्तुर :** पशु चिकित्सकको लागि रु १०००/ (एक हजार मात्र), जनस्वास्थ्य अधिकृतको लागि रु.१२००/(बाह्र सय मात्र)। उल्लिखित रकम कार्यालयको राजश्व प्रशासन शाखामा नगदै वुझाई सक्कलै रसिद पेश गर्नु पर्नेछ।

**६. छनौटको किसिम :** करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ का साथै लिखित परीक्षा (स्थानीय तहका लाइ प्राथमिकता दिइनेछ) छनौटका चरण र विधि नगरपालिकाको वेभसाईट www.sundarharaichamun.gov.np बाट यसै सूचना साथ प्राप्त गर्न सकिनेछ।

**७. परीक्षा मिति :** दरखास्त संकलन पश्चात नगरपालिकाको website मा प्रकाशन गरिने छ।

**८. सेवा तथा सुविधा : पशु चिकित्सकको:** स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८२ बमोजिम मासिक पारिश्रमिक रा.प. तृतीय श्रेणीको शुरु स्केल सरह र **जनस्वास्थ्य अधिकृतको:** अधिकृतस्तर सातौ तहका लागि चालु आ.व. मा नेपाल सरकारले निर्धारण गरेको आधारभूत तलबस्केल मासिकरुपमा उपलब्ध गराइनेछ।

**९. करार अवधि :** २०८३ असार मसान्त सम्म। (कार्यक्रमको अवधि थप र कार्यसम्पादन उत्कृष्ट भएमा करार समयावधि थप हुन सक्ने)

**१०.** आवेदन स्वीकृत अस्वीकृत वा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार सुन्दरहरैंचा नगरपालिकालाई हुनेछ।

नोटः लिखित परीक्षामा वस्तुगत(GK/IQ) प्रश्नहरु ५० पूर्णाङ्का रहेनछन्। परीक्षा कार्यक्रम पछि तय हुने छ। अन्य थप जानकारीका लागि सुन्दरहरैंचा नगरपालिकाको कार्यालयको website वा कार्यालयमा सम्पर्क गर्न सकिने छ। रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुनेछैन। यदि झुठ्ठा विवरण उल्लेख गरी फारम भरेमा सोको जवाफदेही स्वयम हुनुपर्नेछ।

गणेशराज कार्की

प्रमुख प्रशासकीय अधिकृत

**एक पालिका एक भेटरिनरी डाक्टर र म स्वस्थ, मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्दधन कार्यक्रम अन्तर्गतका पशु चिकित्सक र जनस्वास्थ्य अधिकृतको छनौट विधि र चरणः-**

जम्मा पूर्णाङ्क -१५०

प्रथम चरण

१. करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ को उपदफा ३ (क), (ख) र (ग) बमोजिम – ८० पूर्णाङ्क (आवेदन साथ पेश भएको कागजात बमोजिम मूल्याङ्कन हुने)

२. लिखित परीक्षाः पूर्णाङ्कः-५० / उत्तीर्णाङ्कः २० (वीस) - लिखित परीक्षा उत्तीर्ण अनिवार्य हुनेछ

क. ५० वटा वस्तुगत प्रश्नहरु (GK/IQ)रहनेछनः- प्रति प्रश्न १ पूर्णाङ्को हुनेछ ।

३. लिखित परीक्षामा उत्तीर्ण हुनेलाई मात्र अन्तर्वार्ता को चरणमा प्रवेश गराइनेछ ।

दोस्रो चरण

४. अन्तर्वार्ताः पूर्णाङ्कः-२० (वीस)

५. माथि उल्लिखित १, २ र ४ बमोजिम उम्मेद्वारले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा अन्तिम योग्यताक्रम कायम गरी करार सेवामा नियुक्तिका लागि सिफारिस गरिनेछ ।

पाठ्यक्रमः

१. पशुचिकित्सकः- लोक सेवा आयोगले नेपाल कृषि सेवा, भेटेरीनरी समुह, रा.प.तृतीयका लागि स्वीकृत गरेको प्रथम पत्र

२. जनस्वास्थ्य अधिकृतः- लोक सेवा आयोगले नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समुह, अधिकृतस्तर सातौं तहका लागि स्वीकृत गरेको प्रथम पत्र

सुन्दहरैँचा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मितिः २०८२/०९/२१

प्रमाणित
अधिकृतस्तर आठौं
सुन्दरहरैंचा नगरपालिका नगरकार्यपालिकाको कार्यालय मोरङ, कोशी प्रदेश, नेपाल २०७३